मलाई अत्यधिक मज़ी (यौन इच्छा वा उत्तेजना हुँदा निस्कने पातलो र चिप्लो पदार्थ) निस्किन्थ्यो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को ज्वाइँ भएको कारणले उहाँसंग यस बारेमा सोध्न मलाई लाज लाग्यो । त्यसैले मैले मिक्दाद बिन अस्वदलाई सोध्न लगाए र उनले सोधेपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "यस्तो व्यक्तिले आफ्नो गुप्तांग धोएर वुजू गरे हुन्छ

अली (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मलाई अत्यधिक मज़ी (यौन इच्छा वा उत्तेजना हुँदा निस्कने पातलो र चिप्लो पदार्थ) निस्किन्थ्यो । रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) को ज्वाइँ भएको कारणले उहाँसंग यस बारेमा सोध्न मलाई लाज लाग्यो । त्यसैले
मैले मिक्दाद बिन अस्वदलाई सोध्न लगाए र उनले सोधेपछि रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभयो: "यस्तो व्यक्तिले आफ्नो गुप्तांग धोएर वुजू गरे हुन्छ ।"
बुखारीमा छ: "वुजू गर र आफ्नो गुप्तांग सफा गर ।" [सही] [मुत्तफकुन अलैहि]

अली बिन अबू तालिब (रजियल्लाहु अन्हु) भन्छन्, मलाई प्रायः मज़ी निस्किन्थ्यो । मजी भनेको एक प्रकारको पातलो, चिपचिपा, सफा देखिने पदार्थ हो, जुन कामवासनाको समयमा वा यौनसम्पर्क गर्नुअघि गुप्तांगबाट निस्कन्छ । मजी निस्केपछि के गर्ने भनेर उहाँलाई थाहा थिएन । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) की छोरी फातिमा (रजियल्लाहु अन्हा) उनको श्रीमती भएकोले यसको बारेमा उहाँलाई सोध्न लाज लागिरहेको थियो । त्यसैले उनले मिकदाद (रजियल्लाहु अन्हु) लाई यसबारे अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोध्न आग्रह गरे । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पहिले आफ्नो गुप्तांगहरू धुनुपर्छ र त्यसपछि वुजू गर्नुपर्छ भनेर जवाफ दिनुभयो ।

http://www.sunnah.global/hadeeth/ne/show/3348